राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

राष्ट्रिय मानव अधिकार आयोग
नेपाल

# प्रेस विज्ञप्ति

२०७५ असोज २१

## निर्मला पन्तको हत्याको घटना सम्बन्धमा वैज्ञानिक अनुसन्धान गरी दोषीलाई कार्यवाही गर्न आयोगको निर्देशन

राष्ट्रिय मानव अधिकार आयोगले गत श्रावण १० गते कञ्चनपुर जिल्लाको उल्टाखाममा बलात्कारपश्चात् हत्या गरिएको १३ वर्षीय बालिका निर्मला पन्तको घटनाका सम्बन्धमा आयोगको प्रदेश कार्यालय धनगढी र केन्द्रीय कार्यालयको टोली समेतले अनुगमन/अनुसन्धान गरेको छ । अनुगमनबाट प्राप्त प्रारम्भिक प्रतिवेदन उपर आयोगमा छलफल हुँदा उक्त घटनाको सम्बन्धमा वैज्ञानिक तथा प्रभावकारी अनुसन्धान गरी दोषी पत्ता लगाई कानून बमोजिम यथाशीघ्र कार्यवाही गर्न आयोगले राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा ४(१) बमोजिम नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा आजै ८ बूँदाको निर्देशन सहित पत्राचार गरेको छ।

बलात्कार एवं हत्याको घटना घटिसकेपछि अनुसन्धानलाई उच्च प्राथमिकता दिई कार्य गर्नुपर्ने, नेपाल प्रहरीले गरेको अनुसन्धानमा सूक्ष्मतम वैज्ञानिक परीक्षण र विश्वसनीयता नहुँदा आम मानिस तथा पीडित परिवारमा बढेको निराशा र विश्वसनीयता माथि प्रश्न खडा भएको छ।

नेपालको संविधानको धारा १६ ले व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक तथा धारा २१(२)ले अपराध पीडितलाई क्षतिपूर्तिको न्याय पाउने हकको व्यवस्था गरे अनुरुप वास्तविक दोषी पत्ता लगाई तत्काल कानून बमोजिम कार्यवाही गर्न तथा पीडित परिवारको न्याय पाउने हक शीघ्र सुनिश्चित गर्न समेत आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission, Nepal
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


च.नं. ८३८

मिति २०७५।६।२१

श्री प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय,
सिंहदरबार, काठमाण्डौ ।

**बिषयः आयोगको निर्देशन पठाइएको सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा मिति २०७५ साल श्रावण १० गते कञ्चनपुर जिल्ला, भिमदत्त नगरपालिका वडा नं १८ उल्टाखाम स्थित उखुवारीमा बर्ष १३ कि निर्मला पन्तको बलात्कार र हत्या सम्बन्धमा आयोगको प्रदेश कार्यालय धनगढी तथा केन्द्रीय कार्यालयबाट भएको अनुगमन/अनुसन्धानको प्रारम्भिक प्रतिवेदन उपर आयोगमा छलफल हुँदा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ दफा ४(१) बमोजिम घटनाको सम्बन्धमा देहाय बमोजिम गर्न गराउन निर्देशन भएको हुँदा निर्देशानुसार हुन अनुरोध गरिन्छ ।

१. जिल्लामा घटेको अपराध अनुसन्धानको सम्पूर्णजिम्मेवारी स्थानीय प्रहरीको हुने र निर्मला पन्त हराइ सकेपछि निजकी आमाले हारगुहार गरी स्थानीय प्रहरीमा उजुरी गर्दा न्यूनतम संवेदना पनि नदेखाएको, खोजीकार्यको लागि तत्परता नदेखाएको र प्रहरीले जवाफदेहिता पूरा नगरेको हुँदा नेपाल प्रहरीलाई यथासक्य अनुसन्धान सम्पन्न गरी दोषी पत्ता लगाउने, दोषीलाई कानूनबमोजिम कार्यवाही र पीडितलाई न्याय दिलाउनको लागि आवश्यक कार्य गर्न ।

२. लाश फेला परिसके पछि उखुवारीमा घटनास्थल तथा त्यहाँ रहेका प्रमाणहरुको संरक्षण उचित ढङ्गले स्थानीय प्रहरीबाट भएको नपाइएको, प्रमाण संरक्षण र संकलनको अतिरिक्त प्रमाण नस्ट गरेको पाइएको, अपराधी पत्ता लगाउन प्रशिक्षक कुकुर परिचालन गरेको नपाइएको जिल्ला प्रहरी कार्यालयका प्रमुख घटनास्थलमा आफै उपस्थित भई आवश्यक सुचना प्रवाह तथा समन्वय गरेको नपाईएकाले निज माथि थप अनुसन्धान गरिनु पर्ने ।

३. यस्ता किसिमका जघन्य अपराधहरु घटिसके पछि विलम्ब नगरी यथासक्य शीघ्र अनुसन्धान सम्पन्न गरी गराई दोषी पत्ता लगाउन र पीडितलाई न्याय दिलाउन अनुसन्धानमा स्थानीयवासी, नागरिक समाज, सञ्चारमाध्यम तथा स्वयं पीडित पक्षको समेत साथ सहयोग आवश्यक हुने हुँदा अनुसन्धानमा वाधा पर्ने गरी कोही कसैले पनि अनावश्यक दवाव सृजना गर्ने परिस्थित सृजना हुन नदिन ।

४. निर्मला पन्त हराएकै दिन निजकी आमाले रोशनी वम र वविता (अनीता) को घरमा खानतलासी समेत गरी खोजी कार्य गर्न अनुरोध गरेकोमा सो समेत गरेको नपाइएको हुँदा निजहरुलाई समेत शंकाको घेरामा राखी अनुसन्धान गर्न ।

# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission, Nepal
केन्द्रिय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

५. शंकास्पद् व्यक्तिहरुको डि .एन. ए परिक्षण गरिएको भनिएता पनि उक्त ल्यावमा प्रयोग गरिएका औजार, रसायनको प्रयोग, यौनिक स्वाब सुरक्षा र वीर्य परीक्षण गर्न पर्याप्त तत्वहरु थियो वा थिएन सो को समेत पुन: बिश्लेषण तथा ज़ाँच गरी यकिन गर्न ।

६. बलात्कार एंव हत्याको घट्ना घटिसकेपछि अनुसन्धानलाई प्राथमिकता दिनु पर्ने, नेपाल प्रहरीले गरेको अनुसन्धानमा सूक्ष्मतम् वैज्ञानिक परीक्षण र विश्वसनियता नहुँदा आम मानिस तथा पीडित परिवारमा निराशा बढेको देखिन्छ ।

७. कंचनपुर स्थित स्थानीय प्रहरीबाट पीडितका आफन्त, स्थानीय वासिन्दाहरु बीच समन्वयकारी भूमिकाको अभावले गर्दा हालको हिंसात्मक अवस्था आएको देखिएको हुंदा स्थानीय प्रहरीले नागरिकसँग समन्वयकारी भूमिका खेल्दै पीडित र स्थानीय बासिन्दाको जीउधनको सुरक्षा चुस्त दुरुस्त बनाउन आवश्यक तत्परता देखाउन ।

८. यस घटनाकै शिलसिलामा प्रहरीको गोली लागि मृत्यु भएका सन्नी खुनामाथि गोली प्रहार गर्ने प्रहरीको पहिचान गरी कानून बमोजिम कार्यवाही गर्न तथा उक्त घटनामा घाइते भएकाहरुको प्रभावकारी नि:शुल्क उपचार व्यवस्था मिलाउन ।

**बोधार्थ:**

श्री गृह मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

२०७५।३।२९

...................
वेद भट्टराई
सचिव